# महिला तथा बालिकाविरुद्ध भएका हिंसासम्बन्धी अध्ययन प्रतिवेदन २०७०

## (जनवरी १ देखि डिसेम्बर ३१, २०१३)

| पीडित महिला तथा बालिकाहरूको सङ्ख्या | |
|---|---|
| **घटना** | **पीडित सङ्ख्या** |
| महिला (१८ वर्ष माथि) | २,३४८ |
| बालिका | ७०० |
| **जम्मा** | ३,०४८ |

१ सय ४ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा नेपालमा यो वर्ष "**महिला नेतृत्वको लागि हौं जम्मा घरदेखि संविधानसभासम्म**" भन्ने मूल नाराका साथ अन्तर्राष्ट्रिय महिला दिवस मनाईंदै छ । संयुक्त राष्ट्रसङ्घका विभिन्न महासन्धिहरूको पक्षराष्ट्र भएको नेपालमा महिलाहरूको अवस्था भने सन्तोषजनक मान्न सकिने अवस्थामा छैन । मानव विकास सूचकाङ्कअनुसार पुरुषको तुलनामा महिलाको अवस्था तल्लो तहमा रहेको छ । यद्यपि महिलासँग सम्बन्धित कानुनी प्रावधान एवम् राजनीतिक सहभागिताको अवस्थामा भने केही सुधार भएको छ । यति हुँदाहुँदै पनि नेपालका महिला विभिन्न खाले संरचनात्मक एवम् लैङ्गिक हिंसाबाट जसरी आक्रान्त हुँदै आएका छन् त्यो भने भयावह छ । मानवअधिकार अनुगमन र मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अनुगमन गर्दै आएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले सन् २०१३ मा महिला तथा बालिकाविरुद्ध भएका हिंसात्मक घटनाहरूमा वृद्धि भएको पायो । यो अध्ययन प्रतिवेदन मुलुकका सबै जिल्लाबाट प्राप्त घटनाहरूलाई इन्सेकले अभिलेखित गरेको तथ्यतथ्याङ्कहरूको आधारमा तयार पारिएको हो । प्रहरी वा अन्य निकायमा मिलापत्र भएका वा कानुनी उपचार प्राप्त भई टुङ्गिएका घटनाहरू भने यहाँ प्रस्तुत तथ्याङ्कमा समावेश गरिएको छैन ।

| महिला तथा बालिकाहरूको हत्याको घटना सङ्ख्या | |
|---|---|
| **घटनाको प्रकार** | **पीडित सङ्ख्या** |
| कुटपिट | ५८ |
| विष खुवाएर | ११ |
| भुण्ड्याएर | १४ |
| धारिलो हतियार प्रहारबाट | ४८ |
| ढुङ्गाले किचेर | ५ |
| बलात्कारपछि हत्या | ६ |
| आगो लगाएर | ४ |
| हत्याको प्रकृति नखुलेको | ५ |
| भिरबाट खसालेर | १ |
| घाँटी रेटेर | १ |
| घाँटी थिचेर | ११ |
| घन प्रहारबाट | २ |
| खुकुरी प्रहारबाट | ७ |
| लठ्ठी प्रहारबाट | ५ |
| **जम्मा** | १७८ |

नेपाली समाजमा भएको सामाजिक, आर्थिक तथा राजनीतिक परिवर्तन, मानिसमा वृद्धि भएको चेतनास्तर, साक्षरतामा भएको वृद्धि, कानुनी तथा प्रशासनिक संयन्त्रमा गरिएको सुधारका प्रयासले जनमानसमा महिलाप्रतिको दृष्टिकोणमा आएको परिवर्तन, समाज तथा घरभित्र गरिने व्यवहार र कानुनी संयन्त्रमा गरिएको सुधारले महिला हिंसाका घटनामा कमी ल्याउन मद्दत पुगेको छ । यद्यपि निरन्तर रूपमा सार्वजनिक भइरहेका महिला हिंसा र ज्यादतीका घटनालाई अध्ययन गर्ने हो भने कानुनी र संरचनागत सुधारको आवश्यकतालाई भने नकार्न सकिँदैन ।

यस वर्ष ३ हजार ४८ जना महिला तथा बालिकामाथि भएका घटनाहरूमा २ हजार ३ सय ४८ महिला र १८ वर्ष मुनिका ७ सय बालिका पीडित भए । बहुविवाह, बलात्कार एवम् अन्य यौनिक हिंसा, कथित बोक्सीको आरोपमा प्रताडना एवम् दुर्व्यवहार, ओसारपसार, दाइजोका लागि उत्पीडन, बेचबिखन नेपालमा भइरहेका महिला हिंसाका रूपहरू हुन् । त्यस्ता घटना हुन नदिन कानुनी प्रावधान विद्यमान रहे पनि तिनमा रहेका छिद्र तथा कार्यान्वयनको कमजोर अवस्थाका कारण महिला हिंसाका घटनामा कमी आउन सकेको छैन ।

यस वर्ष १ सय ७८ महिला तथा बालिकाको हत्या भयो । तीमध्ये १ सय ८ जना परिवारजनबाट मारिएका थिए । दाइजोको कारण पाँच जना, बलात्कारपछि हत्या छ जना र कथित बोक्सीको आरोपमा एक जनाको हत्या भयो । अभिलेखित घटनाहरूलाई केलाउँदा महिला हिंसाका घटनामध्ये सबैभन्दा बढी घरेलु हिंसाका कारण १ हजार

| क्षेत्रको आधारमा पीडित बालिकाहरूको सङ्ख्या (इन्सेकमा अभिलेख) | | | | | | |
|---|---|---|---|---|---|---|
| **घटना** | **पूर्वाञ्चल** | **मध्यमाञ्चल** | **पश्चिमाञ्चल** | **मध्यपश्चिमाञ्चल** | **सुदूरपश्चिमाञ्चल** | **जम्मा** |
| बालश्रम | १ | २ | | | १ | ४ |
| बालविवाह | २ | १० | २ | ३ | १ | १८ |
| बालिका बेचबिखन | ८ | १९ | १२ | २ | १० | ५१ |
| विद्यालयमा शारीरिक सजाय | ५ | २ | १८ | १ | - | २६ |
| कमलरी | - | - | - | - | ७ | ७ |
| नवजातशिशुको हत्या | ३ | ९ | १ | ३ | - | १६ |
| बलात्कार | १३५ | १२० | ६१ | ५५ | ३५ | ४०६ |
| बलात्कार प्रयास | ५८ | ४२ | ३७ | १६ | १९ | १७२ |
| **जम्मा** | **२१२** | **२०४** | **१३१** | **८०** | **७३** | **७००** |

५ सय ६९ महिला पीडित भए । यो वर्ष २ सय १५ जना महिला तथा ४ सय ६ जना बालिका बलात्कृत भए । १ वर्षदेखि ७२ वर्ष उमेरसम्मका महिला बलात्कारबाट पीडित भएको तथ्याङ्क इन्सेकमा अभिलेख भयो ।

यस वर्ष सबैभन्दा बढी मध्यमाञ्चल क्षेत्रमा घरेलु हिंसाका घटना अभिलेखित भए । यस क्षेत्रमा ६ सय ५१ जना महिलामाथि घरेलु हिंसाका घटना भएको इन्सेकले अभिलेख गऱ्यो ।

यस वर्ष ४ सय ६ जना बालिकाहरू बलात्कृत भए भने पूर्वाञ्चल क्षेत्रमा १ सय ३५ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । यो सङ्ख्या अरु क्षेत्रको तुलनामा धेरै हो ।

**न्याय र कानुनी व्यवस्था**

नेपालको अन्तरिम संविधान, २०६३ ले मौलिक हकअन्तर्गत धारा २० मा महिलाको अधिकारको स्पष्ट रूपमा व्याख्या गरेको छ । त्यस्तै संविधानले नै सम्मानपूर्वक बाँच्न पाउने, समानताको अधिकार, स्वतन्त्रताको अधिकार तथा यातना विरुद्धको हकको व्यवस्था गरेको छ । त्यस्तै मुलुकी ऐन, घरेलु हिंसा (कसूर र नियन्त्रण) ऐन, २०६६, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ तथा बालबालिकासम्बन्धी ऐन, २०४८ मा रहेका विभिन्न प्रावधानमा महिला तथा बालिकामाथि हुने हिंसा अन्त्यका लागि आवश्यक कानुनी व्यवस्थाहरू रहेका छन् । साथै यिनै ऐन तथा कानुनमा दोषीमाथि कारबाही र पीडितलाई राहत दिने व्यवस्थासमेत छ । यद्यपि कतिपय घटनालाई हेर्ने स्पष्ट कानुनी व्यवस्था नहुनु, कानुनको पालना प्रभावकारी ढङ्गबाट नगरिनु र लामो सङ्क्रमणकालका कारण महिला तथा बालिकामाथि हुने गरेको हिंसा यौनजन्य अपराधमा कमी नआउनु पछाडिका मूल कारक हुन् । सबै समुदायमा महिलाहरूप्रति गरिने शारीरिक र मानसिक प्रताडना व्याप्त छ ।

लैङ्गिक विभेद समानता, विकास र शान्तिको बाधक हुन्छ । नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय कानुनले राज्य, समुदाय र पारिवारिक तहमा गरिने लैङ्गिक विभेदजन्य ज्यादतीलाई निषेध गरेको छ । नेपाल महिला, बालबालिका उपर गरिने भेदभाव र ज्यादती विरुद्धका अन्तर्राष्ट्रिय कानुनको पक्षराष्ट्र भएकोले सन्धिजनित र घरेलु कानुन दुवैका हिसाबले त्यस्ता विभेद समाप्त गर्नु राज्यको दायित्व हो । नेपाल पक्षराष्ट्र भएका २४ ओटा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले महिला, बालबालिका उपर हुने ज्यादतीलाई निषेध गर्छन् । नेपालमा विद्यमान घरेलु हिंसा, मानव बेचबिखन र बोक्सीलगायत बलात्कार विरुद्धका कानुनहरू भए पनि तिनको प्रभावकारी कार्यान्वयन नहुँदा अपराधमा संलग्नहरूले सजिलै उन्मुक्ति पाउने गरेका छन् । इन्सेकले २०६९ पुस १७ देखि ०७० पुस १६ सम्म गरेको मानवअधिकार उल्लङ्घन तथा ज्यादतीको अभिलेखअनुसार महिलाको अधिकारको रक्षा गर्ने

दायित्व निर्वाह गर्ने कार्यमा राज्य सक्षम रहेको पाइएन । बलात्कारपछि गरिने स्वास्थ्य परीक्षण वैज्ञानिक नहुनुले प्रमाण नष्ट हुनुका साथै पीडिलताई झन आघात पुग्ने गरेको छ ।

| क्षेत्रको आधारमा पीडित महिलाहरूको सङ्ख्या (इन्सेकमा अभिलेख) | | | | | | |
|---|---|---|---|---|---|---|
| **घटना** | **पूर्वाञ्चल** | **मध्यमाञ्चल** | **पश्चिमाञ्चल** | **मध्यपश्चिमाञ्चल** | **सुदूरपश्चिमाञ्चल** | **जम्मा** |
| भ्रुणहत्या | | १ | | | | |
| बेचबिखनप्रयास | | ४ | ७ | | २ | १३ |
| घरेलु हिंसा | ३०३ | ६५१ | २०६ | २५३ | १५६ | १५६९ |
| बोक्सीको आरोप | १५ | २८ | १३ | ८ | ५ | ६९ |
| जारी | | | | | १ | १ |
| बहुविवाह | ८८ | १०२ | ५७ | २३ | १३ | २८३ |
| प्रसुति सेवा | १ | | १ | १ | १ | ४ |
| बलात्कार | ६८ | ६९ | ४१ | ३१ | ६ | २१५ |
| बलात्कार प्रयास | ४१ | १९ | ६ | १३ | १० | ८९ |
| यौन दुर्व्यवहार | ८ | ७ | ३ | १९ | १५ | ५२ |
| महिला बेचबिखन | १० | १९ | १० | ७ | ६ | ५२ |
| **जम्मा** | ५३४ | ९०० | ३४४ | ३५५ | २१५ | २,३४८ |

**निष्कर्ष**

महिला विरुद्ध हुने हिंसाका घटनालाई गम्भीर प्रकारको अपराधको रूपमा स्वीकार गरिएको भए पनि महिला र पुरुषबीच रहेको असमान शक्ति सङ्घर्ष, महिलाको आर्थिक परनिर्भरता र फितलो कानुनी व्यवस्था रहिरहेसम्म यस किसिमको अपराधमा कमी आउँदैन । यद्यपि सबै सरोकारवालाहरूको संयुक्त प्रयास र कानुनको प्रभावकारी कार्यान्वयन गर्न सके महिलाविरुद्ध हुने यस किसिमका हिंसाका घटनालाई न्यूनीकरण गर्न भने आवश्यक सकिन्छ । गरीबी, अशिक्षा र आर्थिक परनिर्भरतालाई घटाउन सके पनि महिलामाथि हुने हिंसाका घटनामा कमी ल्याउन सहायकसिद्ध हुनेमा दुई मत छैन । घरायसी काम गर्दागर्दै, जङ्गलमा घाँस दाउरा लिन गएको बेलामा र घरमा एक्लै भएको मौका छोपेर अधिकांश बलात्कारजन्य अपराधहरू हुने गरेका छन् । राज्यप्रदत्त अधिकारको दुरुपयोग गर्दै सुरक्षाकर्मीसमेत बलात्कार जस्तो अपराधमा संलग्न भइरहेका छन् ।

महिलाको स्वास्थ्य र त्यसप्रतिको संवेदनशीलताप्रति राज्यको अक्षमता अर्को गम्भीर विषय हो । राज्य एक्लैले महिलामाथि हुने हिंसाका घटना र त्यसबाट सिर्जित हुने समस्याको समाधान गर्न कठिन छ । गैरसरकारी संस्था र राज्यका निकायका यति धेरै प्रतिबद्धताका बावजुद् पीडितको सङ्ख्या बढ्दै जानु गम्भीर सरोकारको विषय हो । हुनत यस बीचमा अपराध विरुद्ध उजुरी गर्ने चेतनामा पनि वृद्धि भएको छ । स्थानीय प्रहरीमा पीडितलाई मेलमिलाप गर्न दबाब दिने र समाजमा पनि उल्टै पीडितलाई घटना ढाकछोप गर्न लगाउने प्रवृति कायम छ । महिलाविरुद्धका हिंसा पीडितहरूले न्याय प्राप्तिका लागि मुलुकका कार्यकारी प्रमुखको निवास अघिल्लतिर सयौं दिन धर्ना, जुलुस गरेर यस सम्बन्धमा ध्यानाकर्षण गराएबाट राज्यको उदासिनता स्पष्ट हुन्छ ।

**सुझावहरू**

- पारिवारिक अदालतको गठन गर्नेपर्ने।
- महिलामाथि हुने हिंसाको सुनुवाइ गर्न द्रुत गतिका अदालतको व्यवस्था गर्नुपर्ने ।
- घरेलु हिंसाका प्रकृतिअनुरूप सजायको कानुनी प्रावधान तर्जुमा गर्नुपर्ने ।
- बलात्कार, बलात्कार दुस्प्रयास, यौन दुर्व्यवहारका घटनाको उजुरीको हदम्याद बढाउनुपर्ने। यस्ता अपराधलाई गाउँस्तरमा मिलाउने सरकारका राष्ट्रसेवकलगायत अन्यलाई कानुनी कारबाहीको प्रावधान राखी कानुनको तर्जुमा गर्ने।
- बोक्सीका आरोपमा गरिएका प्रताडना र दुर्व्यवहारबाट भएको मानसिक, सामाजिक, पारिवारिक पीडाबोधको कुनै हर्जाना हुन सक्दैन। पीडकबाट प्राप्त जरिवाना यसर्थ हानिपूरण स्वरूप पीडितलाई उपलब्ध गराउने ।
- हिंसा पीडित महिलालाई संरक्षण गर्न ल्याइएको संरक्षण गृहलाई ७५ ओटै जिल्लामा व्यवस्थित गर्नुपर्ने ।
- सरकारी वा गैरसरकारी क्षेत्रमा काम गरी आयआर्जन गर्ने महिलाहरूलाई आयकर छुट, महिलाहरूकै स्वामित्व रहेका उद्योग, व्यवसाय आदिमा पुरुषको तुलनामा कर सहुलियत प्रदान गर्ने ।
- दलित, जनजाति, मधेशी महिलालाई प्राथमिकता दिने गरी शैक्षिक क्षेत्रमा भर्ना र छात्रवृत्तिमा कमसेकम ३३ प्रतिशत आरक्षणको व्यवस्था गर्ने ।
- हिंसा पीडित महिलालाई स्वआर्जन, आयआर्जन तथा रोजगारका लागि राज्यले नीति निर्माण गर्नुपर्ने ।
- उच्च शिक्षा हासिल गर्न चाहने महिलाहरूलाई बिनाधितो किस्ताबन्दीमा शैक्षिक ऋण उपलब्ध गराउने ।
- प्रधानमन्त्री कार्यालयअन्तर्गत रहेको महिला हिंसासम्बन्धी कार्यालयलाई महिला हिंसासम्बन्धी अध्ययन अनुसन्धान गर्ने निकायका रूपमा परिचालन गर्ने । महिला हिंसा बढी हुने क्षेत्रको पहिचान गरी विशेष घुम्ती कार्यालय सञ्चालन गर्ने ।
- अन्तर्राष्ट्रिय सन्धिसम्बन्धी प्रतिबद्धताको लागि राष्ट्रिय कानुनहरूमा सोहीअनुरूपको परिमार्जन गर्ने ।
- महिला हिंसा विरुद्ध कानुनी सचेतना कार्यक्रम मावि र उच्चमावि तहका पाठ्यक्रममा महिला हिंसाविरुद्ध अभियान सम्बन्धमा पाठ्यसामग्री समावेश गर्नुपर्ने।
- अन्धविश्वास र कथित बोक्सी प्रथाका विरुद्ध जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।
- लिङ्गका आधारमा हुने हिंसाका घटनाको उजागर गर्न नागरिक समाज सक्रिय हुनुपर्ने ।
- बलात्कार पीडित महिलालाई मनोसामाजिक परामर्शका साथै आवश्यकताअनुसार परिवार र समाजमा घुलमिल हुने वातावरण तयार गर्नुपर्ने ।
- महिला विरुद्ध हुने हिंसाका घटना उजागर गर्न सञ्चार माध्यमको उपयोग गर्नुपर्ने ।
- स्थानीय स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई विशेष प्रकारको तालिम प्रदान गरी बलात्कारका घटनाको परीक्षण वैज्ञानिक तरिकाले गर्न सक्षम बनाउनुपर्ने ।


मानवअधिकार र सामाजिक न्यायका निम्ति

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**कलङ्की, स्यूचाटार, पत्र मञ्जुषाः २७२६, काठमाडौँ**

**फोनः ४२७८७७०, फ्याक्सः ४२७०५५१**

**इमेल**: insec@insec.org.np **वेवसाइट**: www.insec.org.np, www.inseconline.org